अनुसूची-१

खण्ड ४ (ग) सँग सम्बन्धित

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

**विशेष आर्थिक क्षेत्र प्राधिकरणको कार्यकारी निर्देशकको पदपूर्तिको लागि दरखास्त आव्हानको सूचना**

सूचना प्रकाशित मितिः २०८३।०३।२०

विशेष आर्थिक क्षेत्र ऐन, २०७३ को दफा २२ को उपदफा (२) अनुसार विशेष आर्थिक क्षेत्र प्राधिकरणको कार्यकारी निर्देशकको पदमा खुल्ला प्रतिस्पर्धाका आधारमा पदपूर्ति गर्न यो सूचना प्रकाशित गरिएको छ। देहाय बमोजिम न्यूनतम योग्यता र अनुभव भएका इच्छुक नेपाली नागरिकहरूबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबारस्थित सिफारिस समितिको सचिवालयमा निवेदन दिनका लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. न्यूनतम शैक्षिक योग्यता र अनुभवः**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, अर्थशास्त्र, इञ्जिनियरिङ्ग वा कानूनमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी उद्योग, वाणिज्य, व्यापार, राजश्व प्रशासन, इजिनियरिङ्ग वा व्यवस्थापनको क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव प्राप्त गरेको।

ख) दरखास्त दिने अन्तिम मितिसम्म ३५ (पैंतीस) वर्ष पूरा भई ६५ (पैंसट्ठी) वर्ष उमेर ननाघेको।

**२. पेश गर्नुपर्ने कागजात तथा विवरणहरुः**

क) नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता र कार्य अनुभव खुलेको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि, विदेशी विश्वविद्यालयबाट प्राप्त शैक्षिक योग्यताको हकमा त्रि. वि. बाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र, योग्यता, अनुभव र सम्पर्क ठेगाना (इमेल, टेलिफोन नं., मोवाइल नं., स्थायी, अस्थायी, घर र कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण।

ख) उम्मेदवारको हालसालै खिचेको दुई प्रति पासपोर्ट साइजको फोटो।

ग) उम्मेदवारले उद्योग, वाणिज्य क्षेत्रको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवस्था, समसामयिक स्थिति, विशेष आर्थिक क्षेत्र, औद्योगिक क्षेत्र र औद्योगिक ग्राम सम्बन्धी अवधारणा र अन्तरसम्बन्ध, नेपालमा यसको आवश्यकता र सम्भावना, नेपाल सरकारको नीति, कार्यक्रम, कार्ययोजना तथा परियोजना सम्बन्धी जानकारीका साथै विशेष आर्थिक क्षेत्र ऐन, २०७३ को उद्देश्य कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने पूर्वाधार निर्माण, उपयोग र सञ्चालन विधि सम्बन्धी सोच, दृष्टिकोण र कार्ययोजना सहितको कम्तीमा २५०० शब्द र बढीमा ५००० शब्दसम्मको व्यावसायिक कार्ययोजना नेपाली वा अंग्रेजी भाषामा पेश गर्नु पर्नेछ। यस्तो व्यावसायिक कार्ययोजना A4 साइजको कागजमा एकापट्टि मात्र टाइप गरिएको हुनुपर्नेछ। कार्ययोजनाको अग्रपृष्ठमा वाहेक अन्य पृष्ठमा आफ्नो नाम, हस्ताक्षर वा अन्य कुनै संकेत राख्न पाईने छैन।

३. दरखास्त साथ निम्नलिखित व्यहोराहरू उम्मेदवार स्वयंले प्रमाणित गरी स्वघोषणा अनिवार्य रुपमा पेश गर्नु पर्नेछः

(क) राजनैतिक दलको सदस्य नभएको,

(ख) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषधको कारोवार, पुरातात्विक वस्तु वा संरक्षीत बन्यजन्तु सम्बन्धी वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतवाट कसुरदार ठहर नभएको,

(ग) आफ्नो नाममा व्यक्तिगत बेरुजु नभएको,

(घ) बैक तथा वित्तीय संस्थाको ऋण नतिरेका कारण प्रचलित कानून बमोजिम कालोसूचीमा परेको अवस्था नरहेको,

(ङ) टाट नपल्टेको, वेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको तथा दामासाहीमा नपरेको,

(च) विशेष आर्थिक क्षेत्र प्राधिकरणसँग कुनै चल अचल सम्पत्ति सम्वन्धी कारोबारमा आफै वा आफ्ना परिवारका कुनै सदस्यको संलग्नता नभएको र यस संस्थासँग कुनै पनि स्वार्थको द्वन्द्व (Conflict of Interest) नभएको,

(छ) विदेशी मुलुकको स्थायी आवासीय अनुमति नलिएको,

(ज) कुनै पनि गैर सरकारी संस्थाको कार्यकारी पदमा कार्यरत नरहेको,

(झ) प्रचलित नेपाल कानून बमोजिम अयोग्य नरहेको,

४. दरखास्त दस्तुरबापत मन्त्रालयको कार्यालय कोड नं. ३०७००३५०१, राजस्व खाता नं. १०००१००२०००१००००, राजस्व शीर्षक नं. १४२२४ मा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य बैक लिमिटेड, सिंहदरवार शाखामा रु. ५०००/- (अक्षरेपी पाँच हजार मात्र) बुझाएको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

५. पारिश्रमिक अन्य सुविधाः प्रचलित कानून बमोजिम हुनेछ।

६. अन्य विवरणः

(क) यो सूचना बमोजिम रित नपुगी दर्ता हुन आएका दरखास्त सिफारिस समितिबाट अस्वीकृत हुनेछ।

(ख) सरकारी निकाय वा संस्थानमा कार्यरत आवेदकको हकमा दरखास्त साथ कार्यरत निकायबाट विभागीय स्वीकृति प्रदान गरिएको पत्र पेश गर्नुपर्नेछ।

(ग) आवेदकले झुट्टा विवरण वा कागजात पेश गरेको पाइएमा जुनसुकै बखत आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(घ) यस सम्बन्धी थप जानकारीका लागि यस मन्त्रालयको वेबसइट www.moics.gov.np वा मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखाको फोन नं. ०१-४२११४९९ मा सम्पर्क गर्न सकिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## विशेष आर्थिक क्षेत्र प्राधिकरणको कार्यकारी प्रमुखको पदमा नियुक्त चाहने उम्मेदवारले पेश गर्नुपर्ने दरखास्तको ढाँचा

विशेष आर्थिक क्षेत्र ऐन, २०७३ को दफा २२ बमोजिम विशेष आर्थिक क्षेत्र प्राधिकरणको कार्यकारी निर्देशकको पदमा खुला प्रतिस्पर्धाको माध्यमवाट नियुक्ति भई सेवा गर्न इच्छा भएकोले देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु। सो पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव रहेको स्वघोषणा समेत गर्दछु र नियुक्ति भएको अवस्थामा प्रचलित कानून बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

१. दरखास्त पेश गर्ने व्यक्तिको

क) व्यक्तिगत विवरण:

नाम थर:-

नेपाली नागरिकताको प्रमाणपत्र नम्बर र जारी जिल्ला:

स्थायी ठेगाना:

अस्थायी ठेगाना:

जन्म मिति:

सम्पर्क नम्बर:

इमेल:

ख) शैक्षिक योग्यताको विवरण:

| क्र.सं. | उपाधि | विश्वविद्यालय/ शिक्षण संस्था | उत्तीर्ण गरेको साल | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

ग) अनुभव

| क्र.सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

घ) लेख/रचना तथा अन्य प्रकाशन

| क्र.सं. | लेख/रचना र प्रकाशनको नाम वा विषय | प्रकाशित जर्नल/पुस्तक | प्रकाशन भएको साल | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

ङ) अन्य केही खुलाउनु पर्ने भएः

| क्र.सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

च) संलग्न कागजात तथा विवरणः

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) वैयक्तिक विवरण,

(३) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

(४) सम्वन्धित क्षेत्रको अनुभव खुल्ने कागजातको प्रतिलिपि।

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन्, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

| औंठा छाप | |
|---|---|
| | |
| दाँया | बाँया |

दस्तखतः ..........................

नाम थरः ..........................

मितिः ..............................

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## विशेष आर्थिक क्षेत्र प्राधिकरणको कार्यकारी निर्देशक पदका लागि पेश गर्ने व्यावसायिक कार्ययोजनाको ढाँचा

१. विशेष आर्थिक क्षेत्र प्राधिकरणको संक्षिप्त परिचय,
२. प्राधिकरणको व्यवस्थापकीय र वित्तीय अवस्थाको विश्लेषण,
३. प्राधिकरणको सवल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौती (SWOT)को विश्लेषण,
४. प्राधिकरणको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सुधारको रणनीतिक योजना,
५. व्यावसायिक कार्ययोजना (Business Action Plan),

बुँदा नं. ५ को कार्ययोजना (Business Action Plan) मा ४ बर्ष भित्रमा सम्पन्न हुन सक्ने देहायका विषयलाई समावेश गर्नु पर्नेछ।

क) सम्पत्ति तथा जनशक्ति व्यवस्थापन,
ख) विशेष आर्थिक क्षेत्रको पूर्वाधार विकास एवम् परिचालन,
ग) प्रविधिको उपयोग,
घ) सुशासन र संस्थागत विकास।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

विशेष आर्थिक क्षेत्र प्राधिकरणको कार्यकारी निर्देशक पदका उम्मेदवारले आवेदन फारामसाथ पेश गर्नुपर्ने

## <u>स्वःघोषणा फाराम</u>

| सि.नं. | विषय |
|---|---|
| १. | राजनैतिक दलको सदस्य नभएको, |
| २. | भष्ट्राचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषधको कारोवार, पुरातात्विक वस्तु वा संरक्षीत बन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने खन्य फौजदारी कसूरमा अभियोग नलागेको वा सजाय नपाएको, |
| ३. | आफ्नो नाममा व्यक्तिगत सरकारी बेरुजु बाँकी नरहेको, |
| ४. | प्रचलित कानून बमोजिम कालोसूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको तीन वर्ष अवधि पूरा भएको, |
| ५. | टाट नपल्टेको, वेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको तथा दामासाहीमा नपरेको, |
| ६. | विशेष आर्थिक क्षेत्र प्राधिकरणसँग कुनै चल अचल सम्पत्ति सम्वन्धी कारोबारमा आफै वा आफ्ना परिवारका कुनै सदस्यको संलग्नता नभएको र यस संस्थासँग कुनै पनि निजी स्वार्थ नभएको, |
| ७. | विदेशी मुलुकको स्थायी आवासीय अनुमति नलिएको तथा अन्य कुनै प्रचलित नेपाल कानून बमोजिम अयोग्य नरहेको, |
| ८. | कुनै पनि राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संस्थाको कार्यकारी पदमा कार्यरत नरहेको। |

यसमा लेखिएको ब्यहोरा ठीक साँचो हो झुट्टा ठहरेमा कानून बमोजिम सहन बुझाउन तयार छु।

उम्मेदवारको नाम थरः

दस्तखतः

मितिः